मितिः २०८३/०३/२८ गते आइतवार।

मिति २०८३ साल असार २६ गते वीर अस्पतालको "बर्न युनिट" मा उपचारका क्रममा असामयिक निधन हुनुभएका मुगु, सोरु गाउँपालिका वडा नं. १, जबलधाराका २५ वर्षीय गणेश नेपालीको दुःखद निधनप्रति नेपाल सरकार तथा काठमाडौं महानगरपालिका गहिरो दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। साथै, शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ।

स्वर्गीय गणेश नेपालीको परिवारजनलाई उचित राहत प्रदान गर्ने, आश्रित छोरीको उच्च शिक्षासम्मको व्यवस्था गर्ने, श्रीमतीलाई रोजगारी उपलब्ध गराउने तथा घटनाको निष्पक्ष अनुसन्धान गर्ने लगायतका विषयमा नेपाल सरकार, काठमाडौं महानगरपालिका र पीडित पक्षबीच जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारी समेतको उपस्थितिमा निम्नलिखित बुँदामा सहमति कायम भई यो सहमतिपत्रमा हस्ताक्षर गरिएको छ।

**तपसीलः (सहमतिका बुँदाहरू)**

१. यस घटनाको सत्यतथ्य र निष्पक्ष छानविन गर्न नेपाल सरकारले पूर्वन्यायाधीशको संयोजकत्वमा यथाशीघ्र एक स्वतन्त्र छानविन समिति गठन गर्नेछ। उक्त समिति गठन भएको मितिले सात दिनभित्र प्रतिवेदन नेपाल सरकारसमक्ष पेश गर्नेछ।

२. स्वर्गीय गणेश नेपालीलाई सहिद घोषणा गर्ने सम्बन्धमा प्रचलित कानुन, विगतको अभ्यास तथा गठन हुने छानविन समितिको प्रतिवेदन र सिफारिसका आधारमा नेपाल सरकारले आवश्यक निर्णय प्रक्रिया अगाडि बढाउनेछ।

३. घटना घटेको दिन उक्त घटनास्थलमा फिल्डमा अग्रभागमा खटिएका काठमाडौं महानगरपालिकाका महानगरीय प्रहरी बलका कर्मचारीलाई पछि छानविन आयोगको प्रतिवेदन/सिफारिस बमोजिम जाने गरी हाललाई निलम्बन गर्न काठमाडौं महानगरपालिकालाई जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट लेखि पठाउने।

४. काठमाडौं महानगरपालिकाको आगामी बस्ने कार्यपालिका बैठकको निर्णयानुसार मृतककी श्रीमतीलाई निजको योग्यता तथा क्षमताका आधारमा रोजगारी सुनिश्चित गरिनेछ। साथै, मृतककी छोरीको उच्च शिक्षासम्मको अध्ययनका लागि काठमाडौं महानगरपालिकाबाट सम्पूर्ण खर्च समेतको आवश्यक प्रबन्ध मिलाइनेछ। यस कार्यका लागि नेपाल सरकारका सम्बन्धित निकायहरूले समन्वय गर्नेछन्।

मिति: २०८३/०३/२८ गते आइतबार।

५. काठमाडौं महानगरपालिकाको आगामी कार्यपालिका बैठकबाट निर्णय गराई मृतकको आश्रित परिवारलाई राहतस्वरूप यथोचित रकम उपलब्ध गराइनेछ।

६. मृतकको अन्तिम संस्कार (सद्गत) का लागि आवश्यक पर्ने सम्पूर्ण व्यवस्था तथा काठमाडौंमा गरिने काजक्रियाको आवश्यक व्यवस्थापन काठमाडौं महानगरपालिकाबाट मिलाइनेछ।

७. पीडित परिवार तथा आफन्तजनको तर्फबाट मृतकको शव बुझिलिने, शव परीक्षण (पोष्टमार्टम) लगायतका कानुनी प्रक्रियामा पूर्ण सहयोग र सहजीकरण गरी सद्गत गर्ने जिम्मा लिइनेछ।

८. मृतकका एकाघरका परिवारजनको आतेजाते (यातायात) खर्च एवम् काठमाडौंमा काजक्रिया अवधिभर रहँदा-बस्दा हुने सम्पूर्ण खर्चको प्रबन्ध काठमाडौं महानगरपालिकाले व्यहोर्नेछ।

९. पीडित परिवारका एकाघरका परिवारको स्वास्थ्य विमाको कार्य स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट आवश्यक व्यवस्था मलाइनेछ।

<u>हस्ताक्षर गर्ने पक्षहरू:</u>

पहिलो पक्ष (नेपाल सरकार तथा स्थानीय तह)

ईश्वर राज पौडेल,
प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, काठमाडौं।
सरोज गुरागाईं,
प्र.प्र.अ., काठमाडौं महानगरपालिको।

दोश्रो पक्ष (पीडित परिवार तथा वार्ता समिति)

१. एकमाया नेपाली (मृतकको श्रीमती)
२. चिने नेपाली (मृतकको बुवा)
३. सौरी नेपाली (मृतकको आमा)
४. मदन नेपाली (मृतकको दाजु)
५. सुन्दरी नेपाली (मृतकको बहिनी)
६. भक्त बहदुर रावत (वार्ता समिति सदस्य)
७. धर्मराज शाही (वार्ता समिति सदस्य)
८. मन नेपाली (वार्ता समिति सदस्य)
९. प्रवल कुमार चौलागाई (वार्ता समिति सदस्य)
१०.नवराज न्यौपाने (वार्ता समिति सदस्य)
११.पदम नेपाली (वार्ता समिति सदस्य)
१२.आशिष देवकोटा (वार्ता समिति सदस्य)
१३.सर्जन बराल (वार्ता समिति सदस्य)